# अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
अर्जुनचौपारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


प.सं.(Reference No: ०८१।८२
च.नं.(Dispatch No):-

मितिः२०८१।१२।१५

## प्रेस विज्ञप्ती

मिति २०८१।१२।१५ गते यस अर्जुनचौपारी गाउँपालिकाको ४०औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकाबासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**निर्णय नं. १** अर्जुनचौपारी गाउँपालिकाले मिति २०८१/१०/०२ देखि २०८१/१०/१६ गतेसम्म सञ्चालन गरिएको समुदाय स्तरमा नागरिकता तथा घटना दर्ता लगायतका सरकारी कागजातको समस्या पहिचान, सहजीकरण तथा समाधान एवम् एकीकृत शिविरमा कार्यक्रम सञ्चालन गरिएकोमा यस कार्यक्रमले स्थानीय स्तरमा सरकारी सेवाको पहुँचलाई सुदृढ पार्न र नागरिकको दैनिक जीवनमा सरलता ल्याउन मद्दत गर्ने हुँदा आगामी वर्षमा पनि यस्ता कार्यक्रमहरुलाई निरन्तरता प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २** आर्थिक मामिला मन्त्रालय गण्डकी प्रदेश पोखराको च.नं. ४९४ मिति २०८१/१२/१३ गतेको पत्र अनुसार आ.व. ०८२/०८३ का लागि प्रदेश समपुरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना बमोजिम तपसिल बमोजिमका योजना छनौट गरी पठाउने सर्वसम्मत निर्णय गरियो।

### तपसिल

**समपुरक अनुदान प्रदेश तर्फ**

| क.स. | आयोजनाको नाम | बजेट |
|---|---|---|
| १. | अर्जुनचौपारी-सिमलचौर-मुसुरबारी हुँदै दरौं सडक स्तरोन्नति | १ करोड |
| २. | अर्जुनचौपारी-केवरे-लामडाँडा सडक स्तरोन्नति | १ करोड |

**विशेष अनुदान प्रदेश तर्फ**

| क्र.स. | आयोजनाको नाम | बजेट |
|---|---|---|
| १. | AI Based Learning/ विद्यालय शिक्षा सुधार कार्यक्रम | ४० लाख |

**निर्णय नं. ३** अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को दोश्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाइ कार्यक्रम मिति २०८१/१२/२८ गते अर्जुनचौपारी गाउँपालिका वडा नं. २ लामडाँडामा आयोजना गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४** चालु आर्थिक वर्ष २०८१/०८२ मा स्वीकृत भएका योजना तथा कार्यक्रमहरु हाल सम्म २०५ वटा योजना सम्झौता भएकोमा ७२ वटा योजनाहरुको अनुगमन पश्चात रकम भुक्तानी गरिएको र बाँकी १३३ वटा योजना कार्यान्वयनको अवस्थामा रहेको हुँदा उक्त योजनाहरु यथाशीघ्र सम्पन्न गर्न पहल गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

*" साझा प्रतिबद्धता, साझा जिम्मेवारी, हामी सबैको सपना समुन्नत अर्जुनचौपारी "*


9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com

**निर्णय नं. ५** अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को दोश्रो चौमासिक अवधि सम्मको जम्मा खर्च २२ करोड ९३ लाख ११ हजारमा चालु खर्च १४ करोड ९२ लाख ८६ हजार अर्थात ४७.५४ प्रतिशत र पूँजीगत खर्च रु ८ करोड २४ हजार अर्थात ३०.०३ प्रतिशत रहेकोमा समग्रमा प्रथम र दोश्रो चौमासिक अवधिमा हुनुपर्ने खर्च न्यून रहेकोले के कति कारणले खर्च न्यून भएको हो पहिचान गरी आगामी आर्थिक वर्षमा प्रथम र दोश्रो चौमासिक अवधिमा गर्नु पर्ने खर्च समयमानै गर्नको लागि आवश्यक पहल गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६** मिति २०८२ बैशाख १ गते देखि लागू हुने गरी अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य संस्था एवम् गाउँपालिकाको कार्यालयमा विद्युतिय हाजिर जडान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७** राजश्व परामर्श समितिको सिफारिस अनुसार पालिकाले सञ्चालन गरेको अर्जुनचौपारी गाउँपालिकाको औद्योगिकग्रामबाट उत्पादन भएका ढुङगाका साईज अनुसार तपसिल बमोजिमको दररेट निर्धारण गरी बिक्री वितरण गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिल**

| सि.नं. | ढुङगाको साईज | प्रति गोटाको रकम (रु) |
|---|---|---|
| १ | ८ इन्च | १६ |
| २ | ९ इन्च | १७ |
| ३ | १० इन्च | १८ |
| ४ | ११ इन्च | १९ |
| ५ | १२ इन्च | २० |

**निर्णय नं. ८** अर्जुनचौपारी गाउँपालिकाभित्रका सम्पूर्ण वडामा जग्गा वर्गीकरण सम्बन्धी कार्य सम्पन्न भएकोमा केही वडाहरूमा जग्गा वर्गीकरण हुन छुट भएकोमा छुट भएका जग्गाहरूलाई वर्गीकरणका लागि सम्बन्धित निकायमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९** राजश्व परामर्श समितिको सिफारिस अनुसार अर्जुनचौपारी गाउँपालिकाको नाममा रहेका गुणस्तर चेक गर्नका लागि प्रयोग हुने तपसिल बमोजिमका सामग्रीहरु निर्माण व्यवसायीहरुलाई प्रयोग गर्न दिइए बापत तपसिल बमोजिमको दररेट निर्धारण गरी प्रयोग गर्न दिने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

| सि.नं. | सामग्रीको विवरण | रकम (रु) |
|---|---|---|
| १ | पालिकाको कोरकटर प्रयोग बापत प्रति कोर (RCC) | २००० |
| २ | पालिकाको कोरकटर प्रयोग बापत प्रति कोर (PCC) | १५०० |
| ३ | पालिकाको लेबल मेशिन प्रयोग बापत प्रति दिन | १००० |
| ४ | पालिकाको रिवाउन्ड हेम्बर प्रयोग बापत प्रति दिन | १००० |
| ५ | पालिकाको Cube Moulid प्रयोग बापत प्रति पिस प्रति दिन | १०० |

अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
अर्जुनचौपारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal
प.सं.(Reference No: ०८१।८२
च.नं.(Dispatch No):-

निर्णय नं. १० अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण वडा कार्यालयबाट आर्थिक वर्ष २०८२/०८३ का लागि वडा समिति मार्फत सिफारिस भई आएका तपसिल बमोजिमका बेरोजगार व्यक्तिहरुको आवेदन स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

| सि.नं. | वडा नं. | बेरोजगारको आवेदन | कैफियत |
|---|---|---|---|
| १ | अर्जुनचौपारी वडा नं.१ | २४९ | |
| २ | अर्जुनचौपारी वडा नं.२ | २७४ | |
| ३ | अर्जुनचौपारी वडा नं.३ | १७० | |
| ४ | अर्जुनचौपारी वडा नं.४ | ८५ | |
| ५ | अर्जुनचौपारी वडा नं.५ | १९ | |
| ६ | अर्जुनचौपारी वडा नं.६ | १४६ | |
| | जम्मा | ९४३ | |

निर्णय नं ११ अर्जुनचौपारी गाउँपालिका वडा नं. १ अन्तर्गत केवरे-पिपलडाँडा-माझपाटा सडक मिति २०८१/०३/२१ र २२ गते आएको अविरल वर्षाको कारण विभिन्न स्थानमा पहिरो गई सडक अवरुद्ध भएको हुँदा उक्त सडकमा पहिरो रोकथामका लागि विपद् व्यवस्थापन समितिबाट समेत सिफारिस प्राप्त भएको हुँदा उक्त पहिरो रोकथामका लागि विपद् व्यवस्थापन कोषबाट रु ५ लाख बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १२ अर्जुनचौपारी गाउँपालिका वडा नं. ५ स्थित ठूलाखेतमा पाउदुरबारी खेतमा मिति २०८१/०३/२१ र २२ गते आएको अविरल वर्षाको कारण पहिरो गई खेतियोग्य जमिनमा क्षति पुऱ्याएको हुँदा उक्त स्थानको पहिरो नियन्त्रणका विपद् व्यवस्थापन समितिबाट समेत सिफारिस प्राप्त भएको हुँदा उक्त पहिरो रोकथामका लागि विपद् व्यवस्थापन कोषबाट रु २ लाख बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १३ अर्जुनचौपारी गाउँपालिका वडा नं. ५ स्थित गैडाभिर प्रतीक्षालयमा मिति २०८१/११/०८ गते आएको हावाहुरीले छाना उडाइ पूर्ण रुपमा क्षति पुऱ्याएकोले उक्त प्रतीक्षालय मर्मतको लागि मर्मत सम्भार कोषबाट प्राविधिक ईस्टिमेट अनुसारको बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशमा आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन अन्तर्गत अर्जुनचौपारी गाउँपालिकाले माध्यमिक विद्यालयमा डिजिटल ल्याब सहित उद्यमशीलतामा सूचना प्रविधि कार्यक्रमको प्रस्तापना पेश गर्ने साथै उक्त कार्यक्रमका लागि ३० प्रतिशत लागत साझेदारी समेत गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of Rural Municipal Executive**
अर्जुनचौपारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं.(Reference No): ०८१।८२
च.नं.(Dispatch No):-

निर्णय नं. १५
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशको नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि अर्जुनचौपारी गाउँपालिकाको कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत श्री विष्णु सुवेदीलाई सम्पर्क व्यक्ति तोकी तपसिल बमोजिमको कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

| | |
|---|---|
| श्री प्रकाश तिवारी | संयोजक |
| श्री सपना गुरुङ | सदस्य |
| श्री कौशल पाण्डे | सदस्य |
| श्री विनम्रता न्यौपाने | सदस्य |
| श्री आशिक कुमार क्षेत्री | सदस्य |
| श्री निलकण्ठ पाण्डेय | सदस्य |
| श्री विष्णु सुवेदी | सदस्य |
| श्री नारायण पाण्डेय | सदस्य |
| श्री कमल भण्डारी | सदस्य |

धन बहादुर गुरुङ
प्रवक्ता

धन बहादुर गुरुङ
प्रवक्ता



9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com

CamScanner